# औरही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

औरही ,महोत्तरी

मधेश प्रदेश, नेपाल

**औरही नगरपालिकाको १६औं (सोह्रौ) नगर सभा**

**२०८२ साल असार १० गते (मंगलवार)**

**नगर प्रमुख श्री प्रदिप कुमार खड्का ज्यूबाट**

**प्रस्तुत नीति, कार्यक्रम तथा बजेट**








प्रस्तुत कर्ता :-

प्रदिप कुमार खड्का

नगर प्रमुख

## औरही नगरपालिकाको १६औ (सोहौं) नगर सभामा प्रस्तुत आ.व. २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट

प्रमुख अतिथी ज्यू बिशेष अतीथी ज्यूहरु, अतिथी ज्यूहरु, नगरसभाका सदस्य ज्यूहरु बुद्धिजीवी वर्ग, नागरिक समाज, व्यापारी वर्ग, पत्रकारज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, उपस्थित सम्पूर्ण नगरवासिहरु,

औरही नगरपालिकाको १६ औं नगर सभाको नीति कार्यक्रम तथा बजेट प्रस्तुतिको उद्घाटन समारोहमा उपस्थित हुनु हुने नगर सभा सदस्य ज्यूहरू, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू, हामीलाई असाध्यै माया गर्नुहुने तमाम सार्वभौम सत्तासम्पन्न नगरवासी दाजुभाई, दिदीवहिनी, बुवाआमाहरुमा नगरपालिकाको तर्फबाट एवंम आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

औरही नगरपालिकाको यस गरिमामय नगर सभा बैठकमा नगर प्रमुखको रुपमा विद्यमान् परिस्थितिका बिच अगामी आ.व. २०८२/२०८३ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवाम्वित महशुस गरेको छु । यस घडिमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति स्थापना गर्नका लागि विभिन्न समयमा जिवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु तथा यस व्यवस्थामा योगदान पुर्याउने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

मैले औरही नगरपालिकाको १६ औं नगरसभामा बजेट प्रस्तुत गरिरहँदा औरही न.पा. भित्रको नागरिकको जिवन स्तर उकास्ने गहन जिम्मेवारी बोध गरेको छु । वर्तमान यस परिस्थितीमा सबै राजनितिक दल, जनप्रतिनिधि, सघ संस्था, नागरिक समाज, बौद्धिक जगत र आम नागरिकको सहयोग तथा ऐक्यवद्धताले वर्तमान चूनौतिको सामाना गर्न सकिन्छ भन्नेमा औरही नगर सरकार पूर्ण विश्वस्त छ।

औरही नगरपालीकाको तिव्र आर्थिक, सामाजिक विकास गरि समृद्द र शुखी औरही नगरवासी बनाउनु हाम्रो प्रमुख नीति रहनेछ । स्थानिय तहले कार्यन्वयन गर्ने गरि संविधानले नै सुनिश्चित गरेको आधिकारलाई जनताकै इच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै कृषि, शिक्षा, स्वास्थ्य, सन्चार र पूर्वाधार, औरही नगरपालिकाको समृद्दिको मूल आधार भन्ने दिर्घकालिन सोचको साथ सभ्य, सुन्दर र समृद्द औरही नगर निर्माणको लागि १६ औं नगरसभामा यस नगरपालिकाको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न लागेको छु ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

अब म यस आ.व.२०८१/८२ मा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई बुँदागत रुपमा पेश गर्ने अनुमति चाहान्छु ।

- बजेट खर्चको अवस्था :- नगरपालिका बाट आर्थिक वर्ष २०८१/८२ मा लागि करिब ५६ करोड २१ हजार रुपैयाँको बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म करिब ९०% कार्यान्वयन हुने देखिएको छ ।
- गत बिगतको बेरुजु :- नगरपालिका स्थापनाकाल देखि आ.व. २०८०/८१ सम्म करिब २८ करोड ४३ लाख बेरुजु देखिएकोले बेरुजु रकम सम्बन्धमा कार्य योजना बनाइ बेरुजु रकम घटाउन प्रयास भैरहेको छ ।
- सडक पि.सी.सी. योजना :- नगरका सबै बाटोलाई व्यवस्थित र स्तरउन्नती गराउने योजना अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्राय सबै वडामा काम सम्पन्न भएको छ र आगामी आ.व.हरुमा समेत निर्माण कार्य जारि रहनेछ ।
- यसै अ.व.मा जनताको प्रत्यक्ष सरोकार राखे व्यवस्थित वडा कार्यलय भवन वडा नं.७ र ९ वडालाई जिम्मा लगाई, यसै आ.व.मा वडा नं.३,४,६र ८ वडा कार्यलय निर्माण कार्यलाई तिव्रता दिईएको छ ।
- दलित आवास भवन समेत करिब २९ वटा विपन्न परिवारलाई यसै आ.व.मा घर निर्माण सम्पन्न गरि जिम्मा लगाउने लक्ष राखिएको छ ।
- यसै आ.व.२०८१/८२ मा सोनामाई भोइल प्रा.वि.को २ कोठे अगलेश्रा स्कुलको ४ कोठे, बैरिया मा.वि.को ८ कोठे, चेप्कत प्रा.वि.को ३ कोठे तथा शेरहा प्रा.वि को ४ कोठे स्कुल भवनहरुको निर्माण कार्य सम्पन्न भई सम्बन्धित स्कुललाई जिम्मा समेत लगाइएको छ ।
- सार्वजनिक सेवा प्रवाह र सुशासनः- स्थानीय तहको सेवा संचालन ऐन २०७४ बमोजिम नगर तथा वडा कार्यालयहरुबाट सम्पादन हुने कामहरु कार्यालयहरुबाट नै सम्पादन हुने व्यवस्था मिलाएको छु । सम्पूर्ण आर्थिक कारोबार पूर्ण रुपमा विधुतिय प्रणाली बाट नै हुदै आएको छ ।
- सार्वजनिक जग्गा/पोखरीहरुको लगत संकलन कार्यः- नगरपालिका भित्रको सार्वजनिक/सरकारी जग्गाको लगत संकलन कार्य शुरु गरिएकोछ र यसकार्यलाई निरन्तरता दिइनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- तथ्यांक संकलनः- नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन नागरिकको तथ्यांक संकलन कार्य सबै वडाहरुमा भैरहेको छ । यस्तै नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्यांक अभिलेख अद्यावधिक गर्नको लागि अध्ययन कार्य सम्पन्न भएको छ ।
- सरसफाई अभियानलाई नियमितता प्रदानः- अभियानलाई ग्रिन औरही, क्लीन औरही नाराका साथ नियमित कार्य भईरहेकोछ तथा सडक छेउमा वृक्षारोपण सम्पन्न गरिनेछ । नगरलाई सफा, सुन्दर र हरभरा बनाउन सरसफाई " तथा "पवित्र, सुन्दर, हरित तथा समृद्ध औरही " भन्ने यसै आ.व.मा औरही बजार देखि औरही मा.वि. सम्म
- नयाँ घर नक्शा, घर अभिलेखिकरण व्यबसाय दर्ता कार्यलाई आवश्यक कानुन तयार गरि तिव्रता दिइएको छ
- मुल सडक तथा अन्य सडक व्यवस्थापनः- नगरपालिकाक्षेत्र भित्र रहेका मुल सडक तथा अन्य सडकहरुमा अतिक्रमण गरि पशल तथा अन्य सामग्री राखने लाई यस आ.व. २०८१/८२ देखि निरुत्साहित गरीएको र यस कार्यलाई निरन्तरता दिइनेछ
- स्थानीय शिक्षा :- नगरको शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने गरी आवश्यक नीतिगत व्यवस्था गरी विभिन्न कार्यहरु सम्पन्न गरिएको छ । विभिन्न सामुदायिक तथा निजी विद्यालयहरुको नियमित अनुगमन गरिएको छ ।
- नगरका सबै सामुदायिक विद्यालयको बाल विकास शिक्षाका सबै बालबालिकाहरुलाई निःशुल्क खाजा र पाठ्य पुस्तक को व्यवस्था नेपाल सरकारको सशर्त अनुदानबाट मिलाइएको छ ।
- विषयगत शाखा व्यवस्थापनः- योजना प्रशासन राजश्व, शिक्षा, सहकारी, स्वास्थ्य, महिला विकास लगायतका विषयगत शाखा स्थापना भई विषयगत रुपमा कार्यसम्पादन भैरहेका छन् ।
- स्थानीय कानून :- नगरपालिकाले विभिन्न ऐन, कानुन, कार्यविधिहरु तयार गरी नगरसभामा बाट पारित भए पछी स्थानीय राजपत्रमा प्रकाशन गरि लागु गर्ने व्यवस्था मिलाईएको छ । नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका सार्वजनिक महत्वका कार्यक्रमलाई

प्रदिप कुमार खड्का
नगर प्रमुख

उपलब्धिमुलक, मितव्यायी, छिटो छरितो, समयसापेक्ष बनाउन सार्वजनिक महत्वका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका जारी गरिएको छ ।

- स्थानीय न्याय सम्पादनः- प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम शुरुवात गर्ने समिति गठन भै कार्य गर्ने व्यवस्था मिलाईएको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरुको प्रकाशन लगायतका कामहरु शुरुवात भएका छन् ।
- भगिनी सम्बन्ध :- कृषि, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि र सांस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय शहरहरुसँगको सम्बन्ध विस्तार गरी नगरपालिकाको पहिचान स्थापित गर्ने उद्देश्यले विभिन्न देशका शहरहरुसँग नेपाल सरकारको स्वीकृती लिई भगिनी सम्बन्ध राखको लागि आवश्यक गृहकार्य भैरहेकोछ ।
- प्राथमिकतामा रहेका सडकको राइट अफ वे निर्धारणः- नगर क्षेत्र भित्रका सडकहरुलाई कम्तिमा ४ मिटर निर्धारण गरेर प्राथमिकीकरणका साथ शहरी शासन तथा पूर्वाधार विकास आयोजनालाई विस्तृत परियोजना प्रतिवेदन तयार पार्न कार्यको अगाडी बढाइएको छ ।
- व्यवसायीलाई करको दायरामा ल्याउन वडा-वडामा शिविरः- सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउनुका साथै तिनीहरुको तथ्यांक अद्यावधिक राख वडा-वडामा पुगेरै व्यवसाय दर्ता गर्ने प्रयास गरिएको छ ।
- अन्य केन्द्रिय निकाय बाट निमार्ण भइरहेका पुर्वाधारः- यस नगरपालिका क्षेत्रभित्र विभिन्न सरकारी तथा गैर सरकारी निकायबाट निर्माणाधिन आयोजनाहरुको अनुगमनमा विशेष प्राथमिकताकासाथ अनुगमन गरिएको र यसकार्यलाई निरन्तरता दिइएकोछ ।
- यस पालिका भित्र "नशामुक्त युवा अभियान" कार्यलाई निरन्तरता दिइएकोछ ।
- नगरपालिका भित्र सञ्चालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिला लाई निशुल्क सुपानेट झुल वितरण तथा एम्बुलेन्स सेवा लाई निरन्तरता दिइएकोछ ।
- रोग अनुसारको आवश्यक शिविर सञ्चालन कार्य लाइ निरन्तरता दिइनेछ ।
- नगरपालिकाको प्रशासकीय भवन, भोईल मा.वि. तथा शेरा प्रा.वि.मा भवन निर्माण कार्य भईरहेको छ तथा १५ वेड अस्पताल भवन निर्माणकार्य लाई चाडै सम्पन्न गर्न जोड दिइनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- पालिकामा औरही बजारमा संचालनमा रहेको नगर अस्पताल २४ घण्टा सेवा सहितको इमरजेन्सी सेवा सुचारु गरिनेछ साथै संचालनमा रहेका बर्थिंग सेन्टर लाई थप व्यबस्थित गरिएकोछ ।
- औरही बजार, सोनामाई मन्दिर तथा श्रीपुर मा.वी. लाई बिभिन्न किसिमले सुरक्षित राखन्न CCTV जडान कार्य भईरहेको छ ।
- सोनामाई मन्दिर को महत्वलाई मध्यनजर गर्दै बिबाह मण्डप लगायतका पूर्वाधारहरु यसै आ.व.मा सम्पन्न हुनेछ ।

  औरही न.पा. अन्तर्गत कृषकहरुलाई निशुल्क स्यालो ट्युवेल तथा कृषकको साझेदारीमा कृषि मोटर वितरण कार्यको लागि लागत संकलन सम्पन्न गरि यसै आ.व.मा ३८२ सेट वितरण गरिनेछ कुल गरि गत बिगत देखि यस आ.व. सम्म जम्मा ९८४ सेट भईसक्नेछ ।
- बजेट नीति तथा कार्यक्रम तर्जुमा निम्न आधारहरुमा लिएका छौं ।
- १) नेपालले अन्तराष्ट्रिय स्तरमा गरेको विभिन्न प्रतिवद्धता,
- २) नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु,
- ३) संघिय सरकारले अंगीकार गरेको लक्ष्य, नीति तथा कार्यक्रमहरु,
- ४) नेपालको संविधान धारा ५९ को आर्थिक भाग १९ को आर्थिक प्रणाली,
- ५) नेपालको संविधानको अनुसूची ८ बमोजिमको कर लगाउने पाउने क्षेत्र,
- ६) स्थानिय सरकार संचालन ऐन २०७४,
- ७) राजस्व परामर्श समितिको प्रतिवेदन,
- ८) श्रोत तथा बजेट सीमा निर्धारण समिति श्रोत र बजेट अनुमान सिफारिस,
- ९) नेपाल सरकारको वार्षिक बजेट सिद्धान्त उद्देश्य र प्राथकिता,
- १०) दिगो विकासका लक्ष्यहरु,
- ११) १६ औं योजनाको लक्ष्य तथा उद्देश्यहरु,
- १२) रणनीतिक योजना तथा क्षेत्रगत गुरुयोजना,
- १३) विषयगत समितिका प्रतिवेदन,
- १४) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८,
- १५) मन्त्रालयले विभिन्न समयमा गरेको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- १६) बस्ती स्तर तथा वडाबाट सिफारिस भई आएका प्राथमिकता प्राप्त योजनाहरु,

नगर प्रमुख

- नगर सभाका सदस्य ज्यूहरु,
- अब म यस नगरपालिकाको दीर्घकालिन सोच, गन्तव्य तथा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । क) दीर्घकालिन सोच "कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार र सञ्चार, औरही नगरपालीकाको समृद्धिको मूल आधार" रहने छ ।
- सम्मुन्नत, सफा तथा हरियाली नगर औरही बासीको रहरलाई साकार पार्न प्रस्तुत नीति तथा कार्यक्रममा प्राथमिकताहरु देहाय वमोजिम हुनेछन्
- बहुवर्षीय र क्रमागत योजनाहरु, नगरका गौरवका योजनाहरु र अन्य आवश्यक पूर्वाधार निमार्णमा जोड दिईनेछ ।
- शिक्षा, स्वास्थ्य तथा समावेशी विकासमा जोड दिईनेछ ।
- कृषि, पशु विकास, सहकारी, पर्यटन र उद्योग (व्यापारको विकासमा जोड दिईनेछ ।
- वातावरण संरक्षण, पर्यावरणीय प्रवर्द्धनमा जोड दिईनेछ ।
- सुशासन र संस्थागत विकासमा जोड दिईनेछ ।

- 'मालिक होइन, सेवक हौ भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं ।
- आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको लक्ष्य " समृद्ध नगर खुशी नगरबासी " रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्व्यनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुर्याउन अथक रुपमा सावित हुने अपेक्षा गरिएको छ ।
- बजेटका उद्देश्य हासील गर्नका निमित्त देहाय अनुसारका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरीएको छ ।

क) आर्थिक विकास

ख) सामाजिक विकास

ग) पूर्वाधार विकास

घ) वन तथा वातावरण विकास

ङ) संगठन तथा सुसाशन व्यवस्थापन

प्रदिप कुमार खड्का
नगर प्रमुख

- नगरसभाका सदस्य ज्यूहरु,
- उल्लेखित दीर्घकालिन सोच, लक्ष्य तथा उद्धेश्य र प्राथमिकता अनुरुप यस नगरपालिकाको आ.व. २०८२/०८३ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहान्छु

क) आर्थिक विकास :- आर्थिक विकासको क्षेत्रमा गत विगत आ.व.मा सुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तरता दिने नीति अवलम्वन गरिने छ ।

१) कृषि तथा पशुपन्छी :-

आर्थिक समृद्धिको पहिलो आधार कृषि भन्ने मूल नाराका साथ कृषि उत्पादनमा व्यवसायिकरण, औद्योगिकिकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारी करणलाई विशेष जोड दिदै सामुहिक खेती प्रणालि, सामुहिक पशुपालन र विकास गरी कृषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ ।

- उत्यकृष्ट किसान र कृषि समुहलाई सम्मान गर्ने कार्यक्रम ल्याइने छ ।
- उन्नत जातको पशु र सुधारिएको गोठलाई प्रत्योसाहनका कार्यक्रम सञ्चालन गरिने छ ।
- नगर भित्र प्रत्येक टोलमा कृषि उत्पादन समुह निर्माणमा विशेष जोड दिइने छ ।
- >औरही न.पा.अन्तर्गत कृषकहरुलाई निशुल्क स्यालो टयुवेल तथा कृषकको साझेदारीमा कृषि मोटर वितरण कार्यक्रमलाई अगामी आ.व.२०८२/०८३ मा पुनः निरन्तरता दिनेछ तथा आ.व.२०८३/०८४ सम्ममा सम्पूर्ण नगरका कृषकहरुलाई टयुवेल तथा कृषकको साझेदारीमा कृषि मोटर वितरण सम्पन्न गरिनेछ ।
- कृषि सिचाईंका लागि कृषि विद्युतीयकरण कार्यलाई निरन्तरता दिइने छ ।
- कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गरिने छ।
- कृषकका लागि उन्नत जातको विउविजन धान, गहुँ, तरकारी विउविजन) कृषि औजार तथा समाग्रीहरु अनुदानको रुपमा उपलब्ध गराईनेछ ।
- कृषि बजार तथा हाट बजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, प्रविधि तालिम मार्फत प्राविधिक टेवा, कृषि सामाग्रीको आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- कृषकको उत्पादनलाई सुरक्षित बजारसम्म पुग्ने पहुँच स्थापित गर्न जिल्ला कृषि सहकारी संघ र उद्योग वाणिज्य संघ सँग आवश्यक सहकार्यको नीति लिइने छ ।
- यस नगर पालिकाले कृषि उत्पादनलाई भण्डारणको व्यवस्थापन गर्न नेपाल सरकार र मधेश प्रदेश सरकारको सहकार्यमा कोल्ड स्टोरको डि.पि.आर. अनुसार अगामी आ.व.२०८२/०८३ मा निर्माण कार्य अगाडी बढाईने छ ।
- आलुको बीउ उत्पादन र भण्डारणमा अनुदानको व्यवस्था आलु उत्पादनको लागि आलु उत्पादन पैकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ ।
- हरित उद्यम विकासको लागि नगर क्षेत्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा उपलब्ध गराई सहकारी मार्फत फलफुल खेती, पुष्पखेती, बहुवर्षीय बाली तथा नर्सरी प्रवर्द्धन कार्यक्रममा जोड दिईनेछ ।
- कृषि समुह, फर्म स्थापना तथा कृषि सहकारीमा पहुँचमा प्राथमिकता दिई त्यस्ता समूह, फर्म, सहकारीसंगको सहकार्यमा किसान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि समुह, कृषि सहकारीहरुलाई पशुको नश्ल सुधारको लागि उन्नत जातका बोका, माछापालनका लागि भुरा तथा दाना आदि अनुदानमा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ

**२) उद्योग तथा वाणिज्य**

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरु अवलम्बन गर्नुका साथै उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहित गरिनेछ
- नयाँ उद्योगहरु स्थापना गर्न स्थापना गर्न लगानी मैत्री वातावरण श्रृजना गरी रोजगारीका अवसर सिर्जना गरिने छ ।
- व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नवीकरण, जस्ता कार्य सहज र सरल प्रक्रिया मार्फत दर्ता गर्ने व्यवस्था, अन्यथा खारेजी र नियमन गरिनेछ ।

**३) रोजगार प्रर्बद्धन तथा गरिबी न्यूनीकरण**

- वैदेशिक रोजगारीमा जाने चाहनेहरुका लागि श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती निरन्तरता दिई थप व्यवस्थीत बनाउने छ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई स्वदेशमा नै व्यवसाय सञ्चालन तथा उधमशीलताको लागि सिप विकास तालिम प्रदान गरिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- औरही नगरपालिकाको रोजगार सेवा केन्द्रलाई एकिकृत सेवाको रुपमा विकास गरिनेछ । साथै यस नगरपालिकाबाट संचालित योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकता दिइने छ ।
- रोजगारीको अवसर पहिचान, समस्याको समाधान र रोजगारीको क्षेत्रमा नविनतम् उपाय र विधिको पहिचान गर्न रोजगार रणनिति तयार गरी कार्यान्वयन गरिने छ ।
- गरिवी निवारणको स्थानीय रणनीति तर्जुमा गरी रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- गरिब घर पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन कार्य अघि बढाइनेछ ।
- संघीय र प्रदेश कानुन बमोजिम स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख गरी वास्तविक सुकुम्बासीको जीविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तगत स्थानीय युवाहरुलाई विभिन्न विकासका क्षेत्रमा परिचालन गर्दै थप रोजगारी सिर्जना गरिने कुरालाई थप व्यवस्थित रुपमा निरन्तरता दिइनेछ।
- दलित आवास कार्यक्रम अन्तर्गत चालु आ.व.२०८१/८२ मा २७ वटा विपन्न दलितको लागि पक्की घर निर्माण कार्य अन्तिम चरणमा रहेको साथै अगामी आ.व. २०८२/०८३ मा दलित आवास कार्यक्रमलाई पुनः थप ४५ वटा दलित आवास भवन निर्माण कार्य गरिनेछ ।
- यस पालिका भित्र एकल महिला वा पुरुष भोकै नबस्ने गरि खान पानको पालिका बाट आवश्यक नीति बनाई व्यवस्थापन गरिनेछ ।
- नेत्रहीनहरुलाई पालिकाले अभिलेख राखी आर्थिक स्तर बढाउन आर्थिक सहयोग गरिनेछ तथा बहिराहरुलाई शिक्षित गर्न विभिन्न तालिम तथा थप अध्यापनको व्यबस्था गरिनेछ ।

४) पर्यटन प्रर्वद्धन

- सुन्दर औरही, समृद्ध औरही भन्ने मुल नाराका साथ पर्यटन प्रबद्र्धन र विकास गर्न सरोकारवाला निकायसँग समन्वय गरि पर्यटन गुरु योजना तयार गरिने छ । कृषि पर्यटन, शैक्षिक पर्यटन, धार्मिक पर्यटन, हरित पार्क निमार्ण उच्च प्राथमिकताका साथ लगातयतका क्षेत्रको आवश्यक प्रवद्र्धन र विकास गरिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- सोनामाईस्थान मन्दिर, महादेव मन्दिर, अग्लेश्वरा, ब्रम्हस्थान राम जानकी कुट्टीहरु र संसारीमाई मन्दिर पोखरीको भौतिक पूर्वाधार व्यवस्थित गरी धार्मिक पर्यटन प्रवद्र्धन गरिनेछ
- नगरक्षेत्रभित्र आयोजना हुने महोत्सवहरुलाई भव्य रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहयोग गरिनेछ ।

**ख) सामाजिक विकास :-**

- सामाजिक विकासका क्षेत्रमा शुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तता दिई सम्पन्न गर्ने नीति अवलम्वन गरिनेछ ।

**१) स्वास्थ्य**

- नगरवासीको स्वास्थ्य सेवामा पहुँच पुर्याउने स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालनमा ल्याईने छ र अति विपन्न वर्गको लागि विमा सहयोग कोष स्थापना गरी सबैका लागि विमा कार्यक्रम लागु गरिने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि आउने गरिव विपन्न सुत्केरी आमाहरुलाई पौष्टिक आहारको व्यवस्था गरिनेछ ।
- आधारभूत नगर अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुमा कार्यवोझ र कार्य सम्पादन मुल्यांकनको आधारमा कार्यरत कर्मचारीलाई अगामी आ.व. २०८२।०८३ मा निरन्तरता दिइनेछ ।
- आधारभूत नगर अस्पतालमा ल्याव संचालनमा आएको सो ल्यावबाट अगामी आ.व. २०८२/०८३ मा ल्याब जाँचको दायारा र गुणस्तरीय सेवाको व्यवस्था उपलब्ध गराईनेछ । स्वास्थ्य सेवामा गुणस्तर अभिवृद्धि गर्दै सवै नगरवासीमा समान पहुच पुर्याउने नीति अवलम्वन गरिने छ ।
- संक्रमक रोगवाट सिर्जना हुन सक्ने स्वास्थ्य जोखिमको न्यूनिकरण गर्न आवश्यक नीति अवलम्बन गरिने छ ।
- स्वास्थ्य सेवा अतिरिक्त सन्तुलित आहारा, शारिरीक व्यायाम, सरसफाई सहितको स्वथ्य जिवनशैलि अवलम्वन गरि "निरोगी औरही निर्माण अभियान" अघि बढाईने छ ।
- सवै स्वाथ्य चौकिहरुमा नेपाल सरकारद्वारा प्राप्त सिमित बजेटबाट आवश्यक औषधिहरुलाई निशुल्क वितरणको व्यवस्था मिलाइएको छ र यसलाई क्रमश बढाउदै लगिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- स्वाथ्य विमा कार्यक्रमलाई नेपाल सरकारको घोषण अनुसार सबै जनतामा पुर्याउन सचेतना वा जागरण कार्यक्रम संचालन गरिनेछ ।
- एक वडा एक स्वाथ्य केन्द्र स्थापनाको कार्यलाई क्रमश अझै व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ । आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई थप सवलिकरण गर्दै लगिनेछ ।
- गर्भवती महिलाहरुलाई नि:शूल्क क्यालसियम र फौलिक एसिड टौनिक औषधिहरुको व्यवस्था।
- शुरुवात गरिएको छ र अगामी वर्षमा पनि यसलाई निरन्तरता दिईने छ ।
- यस आ.व.मा नि:शुल्क स्वास्थ्य शिविर संचालन भएकोलाई निरन्तरता दिईएको साथै साझेदारीमा विशेष शिविर संचालन गरिने छ ।
- ल्याव (थाइराईड, मधुमेह, मुटुरागे, क्यानसर महिला पाठेघरको जाँचहरुको व्यवस्था गरिनेछ) नसर्ने रोगको स्क्रिनिङ्ग गरिनेछ ।
- यस औरही नगरपालिकामा निर्मानधिन अवस्थामा रहेको आधारभूत नगर अस्पताल निर्माण कार्यलाई तिव्रता दिइनेछ ।
- क्षयरोग फ्रि पालिका घोषण गर्न जोडदार पहल गरिनेछ ।
- औरही न.पा. १ मा संचालनमा रहेको आधारभूत नगर अस्पताललाई पूर्ण रुपमा व्यवस्थित गर्नुको साथै गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिइनेछ ।
- अगामी आ.व. २०८२/०८३ मा निजी फार्मेसीहरुले विरामीलाई आर्थिक रुपमा झन्न विरामी पार्ने कार्य भइरहेकोले औरही न.पा. १ स्थित आधारभूत नगर अस्पतालमा संचालित शुलभफार्मेसि लाई अझ प्रभावकारी वनाइनेछ ।
- भोखा विरामीलाई खाद्ययान्य क्षयरोग संक्रमित भएको अति विपन्न र गरिब विरामीलाई भोखो पेटमा औषधी खान नपरोस भन्ने उद्देश्यलाई ६ महिना सम्म खाद्ययान्यको व्यवस्था गरिनेछ ।
- आमा र बच्चाको जोगाउने विगत आ.व. देखि नै आमा र बच्चालाई ज्यान जोगाउनको साथै दिगो विकास लक्ष्य अनुरुप आमाको मृत्यु र बच्चाको मृत्युलाई न्यून गर्नको लागि सुत्केरी गराउनको लागि औरही नगरपालिका अन्तर्गत रहेको बर्थिङ्ग सेन्टर सम्म ल्याउनको लागि नि:शूल्क एम्बुलेन्सलाई निरन्तरता गरिनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- आमा र बच्चाको स्वास्थ्य अवस्था जाँच्नको लागि वडा स्तरमै गर्भवतिलाई जाँच्नको लागि अल्ट्रा साउण्डको व्यवस्था गरिनेछ ।
- नियमति र निरन्तर रुपमा महिलालाई पाठेघरको क्यान्सर भए नभएको जाँचको व्यबस्था आधारभूत नगर अस्पताल औरहीमा गरिनेछ ।

२) शिक्षा

- "दक्ष जनशक्ति, गुणस्तरीय शिक्षा, आत्मनिर्भर एवं समृद्ध नगर हाम्रो अपेक्षा" भन्ने मुल नारा सहित शैक्षिक क्षेत्रमा व्यापक सुधार गर्न प्रक्रिया अगाडि वढाईने छ ।
- नगरशिक्षा विकासका लागि सामुदायिक तथा संस्थागत विद्यालयका विचमा शिक्षा गुणस्तरीयता र पहुँचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त गर्न सहकार्यको कार्यक्रम संचालन गरिने छ ।
- नेपाल सरकारले बालवालिकाका लागि निः शुल्क दिवा खाजा कार्यक्रम उपलब्ध गराएकोमा यस नगरपालिकाबाट प्रभावकारी तथा व्यवस्थित बनाउदै खाजा कार्यक्रम सञ्चालन विद्यालय हाता भित्र बनाई पोषिलो तथा गुणस्तरीय खाजा व्यवस्थापन गरिने छ ।
- शिक्षा क्षेत्रका क्रियाकलापलाई व्यवस्थित गर्न हरेक वर्ष शैक्षिक क्यालेन्डर निर्माण तथा प्रकाशन गरी विद्यालय शिक्षालाई योजनावद्ध रुपमा सञ्चालन गरिने छ ।
- विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिको लागि विद्यालयमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणलाई वास्तविकतामा आधारित बनाइने नीति अवलम्बन गरिने छ ।
- शिक्षा क्षेत्रको सुधारको लागि नगरशिक्षा नीति, नगर क्षेत्रमा सञ्चालन गरिएका सबै विद्यालयलाई आधार बनाएर नगर शिक्षा प्रोफाइल बनाइने र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगर शिक्षा गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।
- निजि विद्यालय शुल्क निर्धारण नेपाल सरकारंको मापदण्ड भित्र रहेर गर्न एवं तोकिएको भौतिक एवं शैक्षिक पूर्वाधार पुरा भएकालाई मात्र नयाँ दर्ता वा कक्षा स्तरोन्नतीको स्वीकृती दिइने छ
- निजि विद्यालयले अनिवार्य रुपमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड भित्र रहि अनिवार्य छात्रवृतिको व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- बाल विकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताहरुलाई क्षमता विकास, नवप्रर्वतनात्मक तालिमको व्यवस्था मिलाई प्रारम्भिक शिक्षालाई गुणस्तरीय बनाइनेछ । प्रत्येक बाल कक्षामा स्मार्ट टि.भि. राखे कार्यलाई आ.व.२०८२/०८३ मा पूर्णता दिइनेछ ।
- नगरभित्र रहेका विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा प्राथमिकता दिँदै विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, अपाङ्गतामैत्री पूर्वाधार निर्माण, बालमैत्री शौचालय, फर्निचर जस्ता पूर्वाधारमा लगानी बढाइनेछ । निर्माणाधिन सबै विद्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।
- छात्राहरूका लागि विद्यालयमा नै गुणस्तरीय निःशुल्क सेनिटरी प्याडको व्यवस्था लाई निरन्तरता दिइनेछ छ ।
- आवश्यक नदेखिएका विद्यालयहरूलाई समायोजन गर्ने योजना बनाइनेछ।

**३) खानेपानी र सरसफाई :-**

- भरपर्दो जलाधार युक्त पूर्वधार, स्वच्छ खानेपानी पहुँचमा हाम्रो अधिकार भन्ने मुल नारालाई आत्मसाथको नीति अवलम्लन गरिने छ ।
- आगामि ५ वर्ष भित्र स्वच्छ तथा सफा खानेपानीको लागि अल्पकालिन तथा दिर्घकालिन योजना कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

**४) युवा, खेलकुद तथा मनोरञ्जन**

- "हामी खेल्छौ, स्वस्थ्य बन्छौ, औरहीलाई चिनाउँ छौ "
- नगर खेलकुद विकास समिति गठन गरि नगर क्षेत्रभित्र खेलकुदको सर्वाङगीण विकासका लागि कार्यविधि तयार गरि यथासिघ्र कार्यान्वयन गरिने छ ।
- लागु पदार्थ दुव्यसनबाट जोगाउनको लागि सचेतनामुलक कार्यक्रम संचालन गर्नुको साथै दुव्यसनमा फसेकालाई पुनरस्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- नगर खेलकुद विकास समिति मार्फत प्रत्येक विद्यालय स्तरमा फुटबल, भलिवल, क्रिकेट र ब्याडमिन्टर लगायतका खेलहरुको विकासमा जोड दिइनेछ ।
- नगरभित्र संचालन हुने सबै खेलकुदको वार्षिक कार्यक्रम बनाई एकद्वार मार्फत खेलकुदको विकासमा सहयोग पुर्याइनेछ । स्वास्थ्यको लागि खेलकुद र राष्ट्रको लागि

प्रदिप कुमार खड्का
नगर प्रमुख

खेलकुद भन्ने नाराका साथ मेयर कप र उपप्रमुख महिला कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

५) **लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग समेत)**

- नेपालको संविधानले लैंगिक विभेदको अन्त्य गर्दै पछाडी परेका वा पारिएका वर्ग तथा समुदाय जस्तै दलित, आदिवासी, जनजाति, पिछडावर्ग, अपाङता भएका व्यक्ति, लैंगिङक तथा यौनिक अल्पसङख्यक, किसान वर्ग, श्रमिक, जेष्ठ नागरिक, मधेसी, मुस्लिम लगायतलाई राज्यको सबै निकायमा समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रत्याभूत गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत साधन, अवसर र लाभमा समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

**५.१ महिला**

- महिलामाथि हुने लैंगिक विभेद, बालविवाह, अनमेल विवाह, दाइजो प्रथा जस्ता सामाजिक समस्याको न्युनीकरण गर्ने कार्य प्रत्येक वडाबाट सुरु गरिने छ ।
- महिला स्वास्थ स्वयम सेविकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष व्यवस्था गरिनेछ
- महिलाहरुको क्षमता अभिवृद्धि गर्ने सिपमूलक तालिमलाई पुनःनिरन्तरता दिइनेछ ।

**५.२ बालबालिका**

- बाल बचाउ, बाल संरक्षण, बालविकास र बालबालिकाको निणर्य प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउन नगरले आवश्यक नीति लिइने छ ।
- बाल विवाहको वडागत तथ्यांक संकलन गरी वाल विवाह न्यूनिकरण गर्ने कार्यक्रम संचालनमा ल्याई बाल विवाह मुक्त पालिका घोषण गर्नेछ ।
- बालबालिका भोलीका कर्णदार मात्र नभएर आजका साझेदार हुन भन्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय तहलाई वाल- मजदुर र जबरन मजदुरी मुक्त बनाउने नीति अनुरुप बाल श्रम मुक्त पालिका घोषणा आगामी आ.व.मा गरिनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

### ५.३ जेष्ठ नागरिक

- जेष्ठ नागरिक समान कार्यक्रम संचालन गरिनेछ ।

- एकल, शारिरीक र मानसिक रुपमा अशक्त, असहाय, र आफ्नो परिवार वा संरक्षक नभएका जेष्ठ नागरिका लागि औषधि उपचारमा सहयोग तथा संरक्षणको नीति लिइने छ ।
- ८० बर्ष भन्दा माथिका जेष्ठ नागरिक, असक्त महिलाको घरमै स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

### ५.४ दलित समुदाय

- दलित समुदायको सशक्तिकरण, क्षमता विकास गर्दै परम्परागत सिपलाई आधुनिकीकरण गरी उद्योगको विकास गर्ने नीति लिइनेछ । दलित समुदायको पहिचान गरी तिनिहरुलाई आय आर्जनको कार्यक्रमको वातावरण निर्माण गरिनेछ ।
- विपन्न दलित बस्ती पहिचान गरि नमुना बस्ती विकास कार्यक्रम सञ्चालन गरिने छ ।

### ५.५ आदिबासी जनजाति

- आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई न.पा. बाट आवश्यक सहयोग गरिने छ ।

### ५.६ अपाङ्ग / अशक्त

- नगरपालिका बाट प्रवाह हुने सेवाहरुमा अपाङ्गलाई पहिलो प्राथामिकता दिइने छ । जुनसुकै प्रकारका सिफारिस गर्दा वा व्यसाय दर्ता वा नवीकरण गर्दा लाग्ने राजश्वमा १०% छुट लिने नीतिमा निरन्तरता दिइने छ ।
- अपाङ्गहरुका लागि निःशुल्क सामाग्रीहरु उपलब्ध गराउनेछ ।

### ५.७ सास्कृतिक सम्पदा

- सभ्यता हाम्रो परिचय र संकृति हाम्रो पहिचान भन्ने नारा आत्मसाथ गर्दै सबै भाषा धर्म, संस्कृतिको संरक्षण, सम्वर्धन र विकास गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
- स्थानीय सबै धर्म, परम्परा र मोलिक संस्कृतिलाई संरक्षण र सम्वर्धन गरिने छ । साथै परम्परागत रुपमा चलिआएका श्रीकृष्ण जन्मंअष्ठमी, दशैं, दिपावली, छट, रमजान, अखाडी पुजा र पर्वको सञ्चालन, व्यवस्थापन र प्रवर्धन गरिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

## ५.८ पञ्जिकरण तथा सामाजिक सुरक्षा

- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, धर्मपुत्र, धर्मपुत्री) अभिलेख व्यवस्थापन गरिने छ ।
- पञ्जिकरण र सामाजिक सुरक्षालाई अनलाइन अभिलेख राखि अझै प्रभावकारी तवरले सेवा प्रदान गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणमा बैंकिङ प्रणालीको नीतिलाई निरन्तरता दिइनेछ ।
- अगामी आ.व.२०८२/०८३ मा पञ्जीकरण र सामाजिक सुरक्षा भत्तालाई वायोमेट्रिक तरिकाबाट भेरिफाई गरी प्रभावनकारी सेवा प्रदान गरिनेछ ।

## ग) पूर्वाधार विकास

### १) सडक तथा भौतिक निर्माण

- सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा घर टहरा बनाउने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गरिने छ ।
- सडक विस्तार, नाला सहितको सडक ढलान र कालोपत्रे गर्ने नीति लिइने छ ।
- संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी अगामी २ वर्षभित्र सबै टोल र वस्तीमा सडक ढलान कार्यलाई उच्च प्राथामिकतामा राखिने छ ।
- नगरपालिकाबाट निर्माण गरिएका भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि मर्मत सम्भार कोष स्थापना गरिने छ ।
- नेपालको संविधानले समावेशी र समन्यायिक विकास गर्ने नीति अवलम्बन गरे बमोजिम नगरपालिकाका ९वटै वडाहरुको विकासलाई समान प्राथामिकतामा राखिने छ ।
- वडा कार्यलयको कार्यलय भवन वडा नं. ७ र ९ को निर्माण कार्य सम्पन्न भएकोमा ४ वटा वडामा यसै आ.व.मा निर्माण कार्य शुरु भएको र बाँकी वडाहरुमा अगामी आ.व. २०८२।०८३ मा वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- औरही न.पा.को प्रशासनिक भवन निर्माण कार्यको जग्गा व्यबस्थापन कार्य अगाडी बढेकोमा नेपाल सरकार बाट उपभोगको लागि प्रास भए पछी प्रशासनिक भवन निर्माण कार्यका लागि बोलपत्र प्रकाशन गरि भवन निर्माण कार्य अगाडी बढाइनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- सडकमा कालोपत्रे वा आर.सि.सि / पि.सि.सि गर्दा सडकका नाला कल्भर्ट आदि प्रारम्भिक संरचनाहरु तयार गरेर मात्र कालोपत्रे वा आर.सि.सि / पि.सि.सि गर्ने नीति लिइनेछ ।

२) भवन र सहरी विकास

- सरकारी, सार्वजनिक, ऐलानी प्रर्ती जग्गामा निर्माण भएका व्यक्तिगत भवन तथा संरचनालाई औरही नगरपालिकाले जुनसुकै अवस्थामा आवश्यक कारवाही तर्फ कदम चालिनेछ ।

- ३) सूचना र सञ्चार

- युवा सूचना केन्द्रको स्थापना गर्ने कार्यको थालनी गरिने छ ।
- आफ्नो क्षेत्रभित्रका पत्रपत्रिकाको प्रकाशन, अनुमति अभिलेख तथा सोको व्यवस्थापन गरिने छ
- यस नगरपलिकामा भए गरेका काम कार्यहरुको सञ्चार माध्यमवाट चौमासिक रुपमा सार्वजनिकीकरण गरि आम जनतालाई नगर कार्यको विषयमा सुनिस्चित गराउने नीति लिइने छ

४) भूमि व्यवस्थापन र बस्ती विकास

- एकीकृत बस्ती विकासका पूर्वाधारहरु जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, सरसफाई आदि सुविधाको विस्तार र सामुदायिक संस्था निर्माण गर्न सरकारी तथा गैरसरकारी सबै क्षेत्रसँग आवश्यक समन्वय गरिने छ ।
- नगर क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी जग्गा परर्ती जग्गाको लगत तयार गरि नगरपालिकाले आर्थिक उत्पादकका लागि उपयोग गर्ने नीति अवलम्बन गरिने छ।

५) ऊर्जा र विद्युतिकरण

- नगरभित्रका सार्वजनिक स्थान, सडक बजार, नगर टोलमा सडक बत्ती जडान गर्ने तथा विद्युतीकरण हुन बाँकी रहेका बस्तीहरुमा विद्युतीकरण गरि उज्यालो औरही निर्माण गर्ने नीति लिइनेछ । क्रमश सम्पूर्ण वडाको खस गरि मुख्य सडकहरुमा सडक बत्तिको व्यवस्था गरिनेछ

प्रदिप कुमार खड्का
नगर प्रमुख

- नगर क्षेत्रभित्रका वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- चालु आ.व. यस औरही नगरपालिका अन्तर्गत १२ वटा विद्युत ट्रान्सफरमर जडान कार्य सम्पन्न भै सेवा सुचारुमा रहेको छ र अगामी आ.व. २०८२।०८३ मा सेवा प्रवाह गर्नेछ ।
- यस औरही नगरपालिका वडा नं. १ देखि ९ सम्म कृषि विद्युतीयकरणको निमित प्रथम प्राथमिकता राखि कार्य संचालनमा ल्याइनेछ ।
- नगरपालिकाको वडा नाम. १ देखि ९ सम्म यस पालिका तथा अन्य निकाय बाट निर्माण गरिएको कृषि विद्युतीयकरणमा जडान भएको मिटरहरुको महशुल बापत आगामी वर्ष देखि बढीमा वर्षको रकम रु ५० (पचास लाख पालिकाबाट अनुगमनको आधारमा विधुत प्राधिकरणलाई महशुल दिइनेछ तथा कृषकहरुले थप मिटर जडान नगर्ने व्यबस्था गरिनेछ ।

६) सिंचाई

- औरही नगरपालिका भित्र सिंचाई प्रणालीलाई व्यवस्थित गर्न समृद्ध औरही सिंचाई विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- नगरपलिका भित्रका सबै कृषियोग्य भूमिमा सिँचाइको सुनिश्चितता गर्ने तथा सिँचाइमा सम्बन्धि नीति, कानून, मापदण्ड निर्धारण गरि सिँचाई कार्यलाई कार्यान्यन गरिनेछ ।

घ) वातावरण तथा विपद व्यवस्थापन

१) वन तथा वातावरण

- नेपालको संविधानले राज्यको वातावरणमैत्री दिगो सन्तुलित विकासको कल्पना गरेको छ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न आधुनिक पूर्वाधारयुक्त, योजनावद्ध, विपदप्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशिल तथा सुन्दरमय नगर निमार्ण गर्न देहायका नीति अवलम्बन गरिने छ ।
- सार्वजनिक वन क्षेत्रभित्रका खाली जमिनमा वृक्षारोपण गर्दै लगिने छ ।
- नीजि घर तथा क्षेत्रमा उद्यान निमार्ण गर्न प्रोत्साहित गर्ने हेतुले घर नक्सा पास गर्दा हरेक घरमा कम्तिमा २ वटा विरुवा रोप्ने घरधनीलाई नक्सा पासको प्रमाणपत्र दिइने छ ।

२) विपद व्यवस्थापन

➢ प्राकृतिक र गैरप्राकृतिक घटनाले विपद जोखिमका कारण भौतिक, आर्थिक, सामाजिक विकास र प्रगतिमा प्रतिकूल प्रभाव पार्न सक्ने तर्फ नगर सरकार सचेत रहेको छ । संविधानमा विपत्त व्यवस्थापन सम्बन्धी स्थानीय तहको एकल तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची भएकोले तीनै तहको सरकारको भूमिका उत्तिकै महत्वपूर्ण छ भन्ने कुरामा नगर सरकार स्पष्ट छ ।

➢ जसको व्यवस्थापनको लागि निम्नलिखित नीति अवलम्बन गरिने छ ।

➢ नगरस्तरिय विपद व्यवस्थापन सम्बन्धी स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरि उद्धार राहत सामाग्री तथा जनशक्ति परिचालन सम्बन्धी आवश्यक व्यवस्था गरिने छ ।

➢ राहत सामाग्रीको आपतकालिन भण्डारण व्यवस्थित वितरण र समन्वयको कार्यका उच्च प्राथमिकताका साथ अगाडी बढाइने छ ।

➢ विपद प्रभावितहरुलाई सार्वजनिक, नीजि तथा सामुदायिक क्षेत्र समेतको सहकार्यमा सामाजिक संरक्षण प्रदान गर्ने नीति लिइने छ ।

३) फोहोरमैला तथा ढल व्यवस्थापन

➢ नगरबासीको एउटै रहर, स्वच्छ, सफा, हराभरा र समृद्ध औरही नगर भन्ने नारा सहित फोहोरमैलालाई व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइडको खोजी गरी उचित व्यवस्थापनको कार्यलाई अगाडी बढाइने छ ।

➢ बाटो घाटो सार्वजनिक स्थानमा पशुचौपाय बाध्ने, छाड्ने कार्यलाई निरुत्साहित तथा दण्डीत गरिने छ ।

➢ विभिन्न संघ सस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गरि बजारलाई सुन्दर र सफा राख आवश्यक सरसफाई तथा ढल निकासाको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ ।

➢ नगरमा व्यवस्थित ढल निकासका लागि योजना तर्जुमा गर्न आवश्यक अध्ययन तथा पहल गरिने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

## ङ) सुशासन तथा संस्थागत विकास

नगरका हरेक क्रियाकलापालाई व्यवस्थित, उत्तरदायि, जवाफदेहि तथा पारदर्शी बनाउदै सदाचारयुक्त संस्कृतिको विकास गरिने छ । म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताको लागि इमानदार भएर काम गर्ने छु भन्ने प्रतिज्ञा सहितको सुशासन कार्यसंस्कृति प्रबद्र्धन गर्न निम्न नीति अवलम्बन गरिने छ ।

### १) मानव संसाधन व्यवस्थापन

- कर्मचारीको समुचित बन्दोबस्त गरी साङगठनिक उद्देश्य हासिल गर्नका लागि यस नगरको आवश्यकता र क्षमताको आधारमा विगतमा तयार गरिएको सांगठनिक संरचना समय सापेक्ष परिमार्जन गरि तयार गरिएको संगठन संरचनालाई पारित गरि कार्यान्वयनमा लाई चुस्त दुरुस्त गर्ने नीति अवलम्बन गरिने छ ।
- कर्मचारीहरुलाई Right person in right place को नीति वमोजिम जिम्मेवारी प्रदान गरिनेछ । योग्यता, क्षमता, अनुभव, विज्ञताको आधारमा कर्मचारीहरुको आन्तरिक व्यवस्थापन गरिनेछ ।
- शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार गरी नतिजामुखी कार्यसम्पादनमा जोड दिईनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका अवसरहरु सबैमा समान रुपमा उपलब्ध हुने अवसर मिलाईनेछ । कर्मचारीको मनोवल उच्च बनाई राख कार्यसम्पादनमा आधारित मौद्रिक उत्प्रेरणाको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा कार्यरत इमान्दार, दक्ष र अनुभवी सेवा करारमा रहेका कर्मचारीलाई औचित्यतता र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिइने नीति लिइनेछ ।
- कर्मचारीहरुलाई कामको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुको विशेष भत्ता (चिया खाजा आदि अगामी आ.व. २०८२।०८३ वाट कार्यपालिका बैठकवाटको निर्णय अनुसार दिइनेछ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

## २) संस्थागत क्षमता विकास

- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणाली लागु गरिने छ । नगरपालिको आफ्नै वेबसाइट तथा अन्य सामाजिक संजाल मार्फत नगरको सम्पूर्ण सूचना प्रकाशन व्यवस्था लाई निरन्तरता दिइनेछ ।
- वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयको कार्यसम्पादनलाई पारदर्शी र जवाफदेही तुल्याई सुशासन प्रवर्द्धन, साझा सरोकारका विषयमा छलफल गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३) राजश्व परिचालन

- प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग करको आवद्धता गर्ने गरी सम्पती कर बहाल कर व्यवसाय कर विज्ञापन कर लाई एकीकृत रुपमा आवद्ध गरिनेछ ।
- करको दायरालाई विस्तार गर्ने नीति अनुरुप आ.व.२०८२/०८३ लाई औरही नगर कर अभियान वर्षका रुपमा बनाईनेछ ।
- करदाताको अभिलेख अद्यावधिक गरिने, नगरपालिकाले प्रवाह गरिने सेवालाई कर र शुल्कमा आबद्ध गरि न्यून आन्तरिक आय वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- राजश्व परामर्श समितिको सुझावको आधारमा कर, दस्तुर, शुल्क, भाडा निर्धारण गरि करदाता शिक्षा मार्फत नगरबासीलाई कर तिर्न अभिप्रेरित गरिनेछ ।

## ४) सार्वजनिक सेवा प्रवाह

- जनता सँग जनताको सरकार, छिटो, छरितो र सर्वसुलभ सेवा प्राप्त गर्ने नागरिक अधिकार अवधारणा अनुरुप नगरपालिका प्रमुखबाट स्थलगत रुपमा जनप्रतिनिधि र नगरबासीसँग भेटघाट गरि गुनासो सुन्ने कार्यलाई निरन्तरता दिँदै आम

प्रदिप कुमार खड्का
नगर प्रमुख

नागरिकको मन छुने र मुस्कान सहितको सेवा प्रवाहको नीति अविलम्बन गरिने छ ।

- सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागिता प्रर्वद्धन गर्दै बिना भेदभाव गर्दै सेवा प्रवाह गर्ने नीति लिइने छ ।
- सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जन गुनासोको यथाशीघ्र सम्बोधन गरिनेछ ।
- नियमित रुपमा पत्रकार भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधिहरु नगरवासीहरु समक्ष पुर्याइने छ ।

५) अन्तर निकाय समन्वय

१) नगर प्रहरी

संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगर प्रहरी सञ्चालन र व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गरिनेछ ।

२) न्यायीक समिति

- न्यायीक समितिको क्षमता अभिवृद्धि तथा मेलमिलाप केन्द्रमा कार्यरत्त मेलमिलाप कर्ताको क्षमता विकास तथा आवश्यक समाग्रीहरु व्यवस्थापन गर्नका लागि रकम विनियोजन गरिएको छ ।

- संविधानमा उल्लेखित सबै संवैधानिक व्यवस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानुन तथा कार्यविधिहरुको मातहतमा रहि कार्यान्वयन गरिने छ ।

- न्याय तथा कानूनी राज्यको परिपालना गर्दै मानव अधिकारको संरक्षण, प्रवद्र्धन गर्दै व्यक्तिगत र समुहबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई कार्यान्वयनको सुरुवात गर्दै सामाजिक सद्भाव कायम गरिने छ ।
- असहाय र असमर्थ पक्षलाई कानून बमोजिम निशूल्क कानूनी परामर्श तथा सहायता उपलब्ध गराइने छ ।

प्रदिप कुमार खड्का
नगर प्रमुख

- नगरपालिकाका विरुद्धमा विभिन्न क्षेत्रबाट अदालतमा उजुरी पर्न सक्ने सम्भावना तथा न्यायिक कार्यलाई व्यवस्थित गर्न र कानूनि परामर्श को लागि परामर्श वा करारमा १ जना कानूनी सल्लाहाकारको निरन्तरता दिइनेछ । साथै करार सेवामा सहायक चौथो १ (एक) जना कर्मचारीलाई नियुक्त गरिनेछ ।
- न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक संस्थागत विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम तय गरिनेछ । वडामा गठित मेलमिलाप केन्द्रको सुदृढीकरण र मेलमिलापकर्ताको क्षमता विकासका कार्यक्रमको व्यवस्था गरिनेछ । विवाद समाधानको वैकल्पिक उपाय एवम् मेलमिलाप सम्बन्धी विद्यमान प्रकृयालाई थप स्पष्ट र सरल तुल्याईनेछ ।

सम्मानित नगरसभाका सदस्य ज्यूहरु

अन्त्यमा,

यस कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार औरही नगरपालिकाको समृद्धिको मुल आधार विकासको लगि निरन्तर सदभाव सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी महानुभावहरु नगरपालिकाको कार्मचारीहरु, करदाता महानुभावहरु, विकास साझेदारहरु, सरकारी, गैरसरकारी समुदायिक सँस्थाहरु प्रति हार्दिक अभार प्रकट गर्दै बजेटको सफल कार्यन्वयमा सबै पक्षहरुको साथ र सहयोगको अपेक्षा गरेको छु । हाम्रा सामु थुप्रै चुनौतीहरु छन हामी सबैको साथ सहयोग र सहकार्यलाई थप प्रभावकारी बनाउन सकेमा ती चुनौतीहरुलाई सजिलै पार गर्न सकनेछौ भने कुरामा कसैको पनि दुई मत नहोला आगामी दिनमा हामि सबैका साथ सहयोग र सहकार्यले सार्थक उपलिब्ध हासिल गर्न सकोस भने अपेक्षा गर्दै आगामी दिनमा सक्रिय सहयोगको अपेक्षा गर्दै सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकृट गर्दैछु ।

**-संघीय र प्रदेश सरकारवाट प्रास शर्सत प्राकृतिका कार्यक्रमहरु तपसिल अनुसार तोकिएकै कार्यक्रममा खर्च गर्ने व्यवस्थापन मिलाएको छु ।**

**अव म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।**

प्रदिप कुमार खड्का
नगर प्रमुख

आगामी आ.व.२०८२/८३ को अनुमानित प्रस्तावित बजेट

| क्र.स. | शिर्षक | जम्मा रकम रू | कैफियत |
|---|---|---|---|
| क | औरही नगरपलिका तर्फ | १,६०,००,०००.०० | |
| १. | आन्तरिक श्रोत बाट प्रास हुने | ५०,००,०००.०० | |
| २. | आन्तरिक राजश्व बाँडफाड बाट प्रास हुने | | |
| | क. को जम्मा : | २,१०,००,०००.०० | |
| ख | संघीय सरकार बाट प्रास हुने | | |
| १. | समानीकरण अनुदान | ९,८८,००,०००.०० | |
| २. | शसर्त अनुदान | १७,८६,००,०००.०० | |
| ३. | राजश्व बाँडफाड | ९,३०,७७,३००.०० | |
| ४. | विशेष अनुदान | ३,५०,००,०००.०० | |
| ५. | समपुरक अनुदान | - | |
| | ख. को जम्मा : | ४०,५४,७७,३२०.०० | |
| ग | प्रदेश सरकार बाट प्रास हुने | | |
| १. | राजश्व बाँडफाड | ४६,००,०००.०० | |
| २. | समानीकरण अनुदान | ७२,७०,०००.०० | |
| ३. | विशेष अनुदान | ३०,००,०००.०० | |
| ४. | समपुरक अनुदान | २०,००,०००.०० | |
| ५. | शसर्त अनुदान | ९५,००,०००.०० | |
| | ग. को जम्मा : | २,६३,००,०००.०० | |
| | कुल जम्मा (क+ख+ग ) : | ४५,२८,४७,३००.०० | |
| | | | |

( अक्षरेपी रु. पैतालिस करोड अठाइस लाख सैतालिस हजार तिन सय रूपैया मात्र)

सङ्घीय सरकारबाट प्रास बजेट, प्रदेश सरकारवाट प्रास बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घ संस्थाबाट उपलब्ध भएको श्रोत अनुमान विवरणका आधारमा आ.व. २०८२/०८३ को कुल बजेट रु. ४५,२७,७७,०००। (अक्षरेपी रु. पैतालिस करोड सताइस लाख सतहत्तर हजार मात्र ।) को व्यय अनुमान गरि कार्यक्रम तथा योजना पारित गरि सार्वजनिक गरिने छ ।

मैले प्रस्तुत गरेको आगामि आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम औरही नगरपालिका मार्फत सामाजिक सुरक्षा एवं संरक्षण प्रास गर्ने व्यवस्थाबाट समुन्नत, सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्नेमा मैले अपेक्षा

प्रदिप कुमार खड्का
नगर प्रमुख

गरेको छु । अन्त्यमा नगरभित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपाली दिदी, बहिनी तथा दाजुभाई सबै विकास साझेदार सरकार, सरकारी सामुदायिक संघ-संस्थाहरु प्रति हार्दिक अभार प्रकट गर्दै यस बजेटको सफल कार्यान्वयनमा खुल्ला हृदयबाट सबैको सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद । धन्यवाद ।। धन्यवाद ।।।

प्रस्तुतकर्ताः-

प्रदिप कुमार खड्का

नगर प्रमुख

औरही नगरपालिका

प्रदिप कुमार खड्का
नगर प्रमुख